**जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपाल**
हुलाक मन्जुषा २१२५, न्यूप्लाजा मार्ग, पुतलीसडक, काठमाडौं ।
फोनः ४४२९७४१ फ्याक्सः ४४१९६१०
इमेलः wafed@ntc.net.np;
वेवसाइटः www.wafed-nepal.org

२०६४ फागुन २० (३ मार्च २००८)

प्रेस विज्ञप्ति

**अरुण-३ जलविद्युत् आयोजनासम्बन्धी पछिल्लो सरकारी निर्णयप्रति गम्भीर आपत्ति !**

जनआन्दोलन २०६२-०६३ को बलमा पुनर्स्थापित अन्तरिम सरकारले आफ्नो दायित्तविपरीत यही २०६४ फागुन १९ गते अरुण-३ जलविद्युत आयोजना भारतीय ऊर्जा कम्पनी सतलज जलविद्युत् निगमलाई दिने गैरसंवैधानिक निर्णयप्रति यो महासंघ घोर आपत्ति प्रकट गर्दछ ।

अरुण-३, पश्चिम सेती, माथिल्लो कर्णाली र बुढीगण्डकीजस्ता सस्ता, राम्रा र आकर्षक आयोजनाहरू नेपाली लगानीमा नेपालकै लागी निर्माण हुनुपर्ने तथ्य निर्विवाद छ ।

तर सरकार भने राजनीतिक अस्थिरताको मौका छोप्दै श्रृंखलावद्धरुपमा पछिल्ला दिनहरूमा पश्चिम सेती, माथिल्लो कर्णाली तथा अरुण-३ जस्ता जलविद्युत् आयोजनाहरू गैरसंवैधानिक, गैरकानुनी, हचुवा, अपारदर्शी, तथा बिना सार्वजनिक छलफल रहस्यमय ढंगले विदेशी कम्पनीहरूलाई हस्तान्तरण गर्दै आएको छ । राष्ट्रिय महत्वका यी आयोजनाहरूसम्बन्धी निर्णय गर्ने अधिकार वर्तमान अन्तरिम सरकारलाई नभएको र निर्वाचित संविधानसभा पछि भविष्यमा बन्ने जननिर्वाचित सरकारले मात्र गर्नुपर्ने भएकोले हालसम्म भएका यी आयोजनासम्बन्धी सबै करारसम्झौता फिर्ता लिन यो महासंघ जोडदार माग गर्दछ ।

विश्व बैंकका राष्ट्रघाती ऋण लगानीका पूर्वसर्तविरुद्ध राष्ट्रिय अन्तर्राष्ट्रियरुपमा नै विरोध चर्किएपछि यो आयोजना विगतमा खारेजीमा परेको थियो । त्यसपश्चात विश्व बैंक तथा नेपाल सरकारबीच अरुण क्षेत्रको लागि क्षेत्रीय विकास कार्ययोजना (Regional Action Plan) कार्यान्वयन गरिसकेपछिमात्र आयोजना अघि बढाउन सकिने सहमति भएको थियो । तर हाल आएर यस्ता स्थानीय तथा राष्ट्रिय सरोकारका सबै सवालहरू पाखा लगाएर भारतीय कम्पनीलाई अरुण-३ बुझाउने कार्य खेदजनक छ ।

भारतीय सरकारको स्वामित्वमा रहेको सतलज ऊर्जा कम्पनी भारतभित्रै थुप्रै विवादास्पद बाँधहरू निर्माणका कारण बदनाम कम्पनी भएकोले भारतभित्रै यस कम्पनीका विरुद्ध आन्दोलन चर्किरहेको बेहोरासमेत अवगत गराइन्छ ।

रतन भण्डारी
अभियान संयोजक ।